अमेरिकी राजदूतद्वारा माओवादी अध्यक्ष पुष्प दाहालसँग भेट

अमेरिकी राजदूत न्यान्सी पावेलले हिजो नेकपा-माओवादीका अध्यक्ष पुष्पकमल दाहालसँग भेट गरी चैत २८ को संविधानसभा चुनाव, संविधानसभामा नेकपा-माओवादीको योजना तथा अमेरिका र नेपालबीचको भावी सम्बन्धका बारेमा छलफल गर्नुभयो । यो उहाँहरूबीचको पहिलो भेट हो । नेपाल-अमेरिका सम्बन्धमा परामर्शका लागि पावेल संयुक्त राज्य अमेरिका प्रस्थान गर्नुअघि उक्त भेट भएको हो ।

पावेलले नेपालको समुन्नति, लोकतन्त्र, तथा स्थायित्वका लागि अमेरिकी सरकारद्वारा नेपाललाई जारी सहयोगबारे जानकारी गराउनुभयो । उहाँले नयाँ सरकारबाट दातृनिकायहरूसँगको वर्तमान सम्झौताको सम्मान तथा कार्यान्वयनकर्ताहरूको सुरक्षाको प्रत्याभूति खोज्नुभयो ।

वचन र व्यवहारबाट सम्पूर्ण माओवादी संगठनहरूको राजनैतिक प्रक्रियाप्रतिको प्रतिबद्धता सुनिश्चित गराउन उहाँले दाहालको ध्यानाकर्षण गराउनुभयो ।

########